# मेचीनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मेची,झापा

१नं. प्रदेश,

नेपाल

प.स. २०७६/७७

च.नं.

**बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति २०७६/०६/१७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम यस नगर कार्यपालिकाको मिति २०७६/०६/१७ गते बसेको बैठकवाट भएको निर्णयानुसार आ.व. २०७६/०७७ का लागि स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, निर्माण व्यवशायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न ३० (तीस) दिने यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।यो ठेक्का बन्दोबस्त बिध्यूतिय खरिद प्रणालि मार्फत मात्र गरिने छ। यसको लागि www.bolatra.gov.np/egp मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्नुपर्ने छ।

ठेक्का नं. **:MECHI/3/076/77**

ठेक्काको बिवरण :मेचीनगर नगरपालिका अन्तर्गतका मेची,हडिया निन्दा -प्याकेज १ निन्दा- प्याकेज २ / टिमाइ खोलाहरुवाट, अध्याबधिक स्वीकृत IEE प्रतिबेदन अनुसार निकालिने नदी जन्य सामाग्री सकंलन तथा बिकि गर्ने , उत्खनन, संकलन घाटगद्दी एवं विक्री मुल्य कर।

न्यूनतम ठेक्का अंक :रु. ४२२४४२८०/- (मु.अ.कर बाहेक)

अवधि :मिति सम्फौता भए देखि २०७७ जेठ १५ गते सम्मं- तोकिएको परिमाण उत्खनन भैसकेमा उत्खनन भैसकेको मिति सम्म

बोलपत्र दस्तुर : रु. ५,०००/- (पाँच हजार) मात्र। - *फिर्ता नहुने गरी*

बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७६ कार्तिक १७ गतेसम्म।

बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय : २०७६ कार्तिक १८ गते समय दिनको १२:०० बजेसम्म।

बोलपत्र खोलिने मिति र समय : २०७६ कार्तिक १८ गते समय दिनको १:०० बजे।

<u>शर्तहरु</u>

1_ बिद्युतिय बोलपत्र खरिद गर्न ईच्छुक बोलपत्रदाताले तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर नेपाल बैंक लि काकरभिट्टा स्थित हि.नं. १०६०३००००००००४००१००३ यस नगरपालिकाको मुल संचित कोष खातामा जम्मा गर्न सकिनेछ।

2_ वोलपत्र मिति २०७६।०७।१८ गते दिन दिनको १२:०० बजे भित्र ई–विडिङ (बिध्युतिय खरिद प्रणालि) मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np/egp मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्न सकिनेछ।

3_ नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्र र तोकिएको रकमको भौचर ( पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित समय भित्र वेभसाईट मार्फत बोलपत्र पेश गर्नु पर्नेछ।

4_ माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भए पश्चात सम्झौताका बखत सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ.कर र आग्रिम आयकर आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ।

5_ निर्धारित समय भित्र पर्न आएका बोलपत्रहरु दिनको १:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

6_ वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल वैंक लि काकरभिट्टा स्थित हि.नं.१०६०३००००००००३०००००००२ धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै वैंक भौचर प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५( पचहत्तर ) दिन म्याद भएको विड

# मेचीनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मेची,झापा

१नं. प्रदेश,

नेपाल

महेन्द्रकुमार खाम्बाहाङ्ग
प्रमुख प्रशासकिय अधिकृत

प.स. २०७६/७७
च.नं.

वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

7_ वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

8_ वोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

9_ किस्ताबन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै वुझाउनु पर्नेछ । त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको रकम माध मसान्त र तेस्रो किस्ताको रकम चैत मसान्त भित्र वुझाउनु पर्नेछ । साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बरावरको जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्यबैकवाट २०७७ साउन मसान्त सम्मको बैक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।दोश्रो किस्ता बुझाउने म्याद भित्र  सबै किस्ता नबुझाएकमा कार्यालयले धरौटी जफतको कार्यबाही शुरु गर्ने छ ।

10_किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा मेचीनगर नगरपालिकालाई ०.०५ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

11_ठेकेदारसंग ठेक्का सम्झौता गर्दा एकमुष्ट रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्ताबन्दी बुझाउनेको हकमा पहिलो किस्ता वुझाएको रकम वाहेक दोस्रो र तेस्रो किस्ताको वुझाउन वाँकी रकम वरावरको यस कार्यालयको नाममा मान्यता प्राप्त बाणिज्य वैंकबाट जारी गरिएको २०७७ साउन मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी कार्यसम्पादन जमानत ( परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिने छ ।

12_ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

13_मेची नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

14_ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

15_ठेक्का अवधिका सम्बन्धमा उत्खनन, संकलन तथा विक्री वितरण सम्फैता भएको मिति देखि २०७७ जेठ १५ गते सम्म हुनेछ ।

16_विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण(IEE)अध्यावधिक प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिमका पुल पुलेसा,सिंचाइ संरचना, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ६०० मिटर र DS(दक्षिण) मा ६०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट मात्र संकलन, उत्खनन गनुपर्ने छ  र नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोके भन्दा गहिरो नहुने गरी सोभित्रबाट मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ । साथै महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ । विभिन्न खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात् निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार र आफैले समन्वय गरि कर संकलन गर्नु पर्नेछ । कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन । निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE अध्यावधिक प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ । सो तोकिएको परिमाण तथा नांका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रण का लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ । यस

# मेचीनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मेची,झापा

**१नं. प्रदेश,**

नेपाल

महेन्द्रकुमार खाम्याहाङ्ग
प्रमुख प्रशासकिय अधिकृत

प.स. २०७६/७७
च.नं.

**किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन ।**

17_ **नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा मेची खोलाको सतिधट्टा-मे न पा ७ बाट ४५०० घ.मि., बरमेलि टोल मे न पा ६ बाट ४५०० घ.मि, कालि मन्दिर मे न पा ६ बाट ६००० घ.मि., बाहुनडागी क्षेत्र बडा नं. ४ बाट १६००० घ.मि, तिरिंग दोभान देखि** ३०० **मि. दक्षिण बडा नं. १ बाट २८००० घ.मि, समेत जम्मा ५९००० घ.मि, हडिया खोला मेगा सिमेन्ट पच्छिम वडा नं. १४ वाट १२०० घ.मि., झोलुंगे पुल उत्तर वडा नं. १४ र १५ वाट २१०० घ.मि, मंगली वडा नं. ११ बाट १३५० घ.मि , समेत जम्मा ४६५० घ.मि ,निन्दा खोला (प्याकेज १)** काप्तानबारी /सृजना वस्ती ( खोला बाटो देखी ५४० मि. दक्षिण) **वडा नं.** ३ **२४००० घ.मि** , धरधरे क्षेत्र सुके निन्दा **वडा नं.** ३ **६००० घ.मि** ,आयाबारी/गिरिगाँउ (शान्ती वन बाटिक उत्तर **३७००० घ.मि समेत जम्मा ६७००० घ.मि ,निन्दा खोला (प्याकेज २)** राजपैनी ६०० मि.दक्षिण मेची नगर न.पा.– ३,र८मा **८६४० घ.मि,** निन्दा पुल ५०० मि.उत्तर **६००० घ.मि** , निन्दा पुल ५०० मि. दक्षिण (जोरसिमल क्षेत्र ) मेचीनगर न.पा.- ७ र १०, **२०००० घ.मि** , रघुविरबारी मेचीनगर न.पा.- ७, १० र १५, **१०५०० घ.मि,** हेदलुबारी ( चौधरीटोल दक्षिण ) मेचीनगर न.पा.- १५ **५२५० घ.मि,** घोडामारा पुर्व (कालीकाझार खण्ड १) **,८१२५ घ.मि** घोडामारा पुर्व (कालीकाझार खण्ड २ ) **७५०० घ.मि समेत जम्मा ६६०१५ घ.मि, टिमाई खोला** च्याल्नी गाँउ /आयाबारी मेची- ९, बुद्धशान्ती -५ **,२०००० घ.मि, कुल जम्मा २१६६६५ घ.मि ,उत्खनन गर्नु पर्नेछ । उत्खनन गर्ने परिमाण ठेगाना एवं नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराईनेछ ।**

18_ **कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।**

19_ **कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार मेचीनगर नगरपालिकालाई रहनेछ ।**

20_ **शर्त राखी पेश गरेको, रीत नपुगेको बोलपत्र माथि कारवाही हुने छैन ।**

21_ **यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिईने छैन ।**

22_ **रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।**

23_ **अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।**

24_ **IEE प्रतिवेदनले तोकेको नदीको उल्लेखित स्थानमा एकै समयमा एउटा नदीको बढीमा दुइ स्थानबाट मात्र तोकेको परिमाणमा उत्खनन र संकलन गर्न पाईनेछ साथै उक्त स्थानमा उल्लेखित परिमाण बरबरको नदीजन्य सामाग्री संकलन गरिसके पछि मात्र अर्को स्थानमा सकंलन गर्नु पर्ने छ । यसरी उत्खनन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा मेचीनगर नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । उत्खनन/संकलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ । यसरी उत्खनन/संकलन तथा घाटगद्दी गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन ।**

25_ **मिन्हा माफी तथा छुट सम्वन्धमा : यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कूनै किसिमको मिनाहा वा छुट हुने छैन ।**

26_ **माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४, मेचीनगर नगरपालिकाको आर्थिक ऐन, २०७५ र सम्झौताका बखतमा समेत निर्धारित हुनेछन् ।**

27_ **अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा मेचीनगर नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ ।**

28_ **यस सूचनामा भएका ब्यहोराहरु यसै अनुसार हुने छन । नभएको हकमा नगर कार्यपालिकाको निर्णय अनुसार हुने छ ।**

# मेचीनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

मेची,झापा

१नं. प्रदेश,

नेपाल

महेन्द्रकुमार खाम्बाहाङ्ग
प्रमुख प्रशासकिय अधिकृत

प.स. २०७६/७७
च.नं.

**IEE प्रतिवेदन अनुसार आ.व. २०७६।०७७ मा मेची नगरपालिका भित्रका नदीहरुबाट उत्खनन् संकलन गर्न सकिने नदीजन्य सामाग्रीको विवरण, स्थल र परिमाणको बिल अफ क्वान्टिटि**

| क्र. सं | खोलाको नाम | उत्खनन् क्षेत्र संख्या | उत्खनन् गर्न सकिने कुल घ.मि. | कबोल दररेट प्रति घ.मि. | | कबोल अंक रु. |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | मेची | ५ | ५९००० | | | |
| २ | हडिया | ४ | ४६५० | | | |
| ३ | निन्दा (प्याकेज १) | ३ | ६७००० | | | |
| ४ | निन्दा (प्याकेज २) | ५ | ६६०१५ | | | |
| ५ | टिमाई | १ | २०००० | | | |
| | | **जम्मा** | **२१६६६५** | | | |

कबोल अंकको मु अ कर र अग्रिम आय कर जम्मा गरेको भौचर सम्झौता गर्नु पूर्ब पेश गर्नुपर्ने छ।

............................
**प्रमुख प्रसासकीय अधिकृत**